
**पुस्तक :** *सर्वोच्च अदालतबाट प्रतिपादित सूचना तथा सञ्चारसम्बन्धी नजीरहरू*
**सम्पादक :** तारानाथ दाहाल, ऋषिराम घिमिरे र सुवास शर्मा
**प्रकाशक :** फ्रिडम फोरम
**पृष्ठ** : ७२६
**मूल्य :** रु. ७५०/-
**प्रकाशन मिति :** भदौ २०६५




नेपालमा पत्रकारिताको सुरुआत भएको १०८ वर्ष, प्रकाशनसम्बन्धी कानुन निर्माण भएको ८१ वर्ष[१] र पत्रकारिताका विभिन्न पक्षहरूलाई समेटेर पुस्तक प्रकाशन भएको पनि ४१ वर्ष पुगिसकेको छ ।[२] अचेल पत्रकारिताको पठनपाठनमा वृद्धिमात्र भएको छैन, यस पेशामा लाग्नेहरूको सङ्ख्या पनि बढिरहेको छ । परिणामतः त्यससम्बन्धी पुस्तकहरू निस्कने क्रममा पनि तीव्रता आएको छ । पत्रकारिताको सम्बन्धमा लेखिएका प्रायः सबै पुस्तकहरूमा धेरथोर पत्रकारिता सम्बन्धी कानुन (खास गरी २०४७ सालअघि अखबारी पत्रकारितासम्बन्धी कानुन र त्यसपछि प्रसारण पत्रकारितासमेत) पनि समेटेर निस्केका पुस्तकहरू पनि धेरै छन् ।

---

[१] १९५८ सालको पण्डित नरदेव पाण्डेको नाममा जारी भएको सनद *गोरखापत्र* प्रकाशनको लागिमात्र भएको हुनाले १९८४ सालमा मुलुकी ऐनमा भएको संशोधनले अदलको महलको ५६ नं. मा भएको संशोधनलाई पहिलो कानुन मान्दा ।

[२] राममणि आ.दी.को *गोरखा बोध* वि.सं. १९८४ मा नै प्रकाशित भएको भए पनि ग्रीष्मबहादुर देवकोटाको जस्तो सबै पक्ष समेटेर प्रकाशित भएको होइन ।

पत्रकारितासम्बन्धी कानुनमा नै केन्द्रित भएर पनि पुस्तकहरू प्रकाशित छन् । ती पुस्तकहरू पत्रकारितासम्बन्धी कानुन र केही नजीरहरूका सारांश वा केही-केही नजीरका पूर्णपाठलाई मात्र समावेश गरी प्रकाशन भएका छन् । तर प्रस्तुत पुस्तक सूचना तथा सञ्चारसँग केन्द्रित रहेर त्यससम्बन्धमा प्राप्य सबै फैसलाहरूलाई सङ्कलन गरेर प्रकाशनमा आएको छ ।

पाँच भागमा बाँडिएको यस पुस्तकको पहिलो खण्डमा सर्वोच्च अदालतबाट २०१० देखि २०६५ सालसम्मका २९ ओटा छापाखाना र प्रकाशनसम्बन्धी मुद्दामा भएका फैसलाहरू, दोस्रो खण्डमा प्रसारणसँग सम्बन्धित ८ ओटा, तेस्रो खण्डमा सूचनाको हकसँग सम्बन्धित १७ ओटा, चौथो खण्डमा अदालतको अपहेलनासँग सम्बन्धित १६ ओटा र पाँचौं खण्डमा 'सञ्चारसम्बन्धी अन्य मुद्दाहरू' भनेर ३१ ओटा फैसला राखिएका छन् । यसरी पुस्तकमा १०५ ओटा मुद्दाहरूमा सर्वोच्च अदालतले गरेका फैसलाको सङ्कलन छ ।

यो पुस्तकमा प्रकाशित सामग्रीहरू सर्वोच्च अदालतबाट विभिन्न समय र मुद्दाहरूमा गरिएका फैसलाहरूको पुनः प्रकाशन भएकाले यसको समालोचना आफैंमा कठिन काम हो । किनभने यस्तोमा फैसला सङ्कलन र सम्पादनबाहेक सम्पादकले अन्य काम गरेको हुँदैन । सम्पादनको संयोजन गर्ने प्राविधिक कामबाहेक सम्पादकले आफ्नो दिमागको प्रयोग गरेको हुँदैन । यस पुस्तकको भूमिका पनि सम्पादकहरूले लेखेको नभई सम्पादकमध्येकै तारानाथ दाहालले फ्रिडम फोरमको अध्यक्षको हैसियतमा लेख्नुभएको छ । सम्पादकको हैसियतमा कसैका केही कुरा यस पुस्तकमा परेका छैनन् । पुस्तकमा समेटिएका फैसलाको विषयवस्तुभित्र प्रवेश गरेर समालोचना गर्ने हो भने सम्पादित तथा प्रकाशित कृतिको समालोचना नभई फैसलाको समालोचना हुन पुग्छ, जुन फेरि पुस्तक समालोचना हुँदैन । जब फैसला विषयमा प्रवेश नगरी अन्य पक्षमा मात्र समालोचना गरिन्छ, यसो गर्दा पुस्तकको प्राविधिक पक्षको समालोचना जस्तो हुन जान्छ र परिणामस्वरूप त्यो पुस्तक समालोचना नभई पुस्तक परिचय जस्तो हुन्छ । यी कारणहरूले गर्दा यो पनि त्यस्तै भएको छ ।

पुस्तकमा सर्वोच्च अदालतबाट प्रतिपादन भएका तथा प्राप्य फैसलाहरू सबै जस्ताको तस्तै राखिएका छन् । यसरी जस्ताको तस्तै प्रकाशन गर्नुका फाइदा-बेफाइदा दुवै छन् । फाइदा के हो भने सम्बन्धित क्षेत्रमा अनुसन्धान गर्न चाहने तथा सर्वोच्च अदालतले प्रयोग गरेको भाषा नै अवलोकन गर्न चाहने र कानुनको प्राविधिक भाषालाई प्रयोग गरेकै अर्थमा अर्थ्याउन सक्नेलाई यसले भरोसायोग्य पृष्ठभूमिको काम गर्दछ । कानुनको भाषालाई नबुभ्नेका लागि भने यो हुनुपर्ने

जति उपयोगी नहुन पनि सक्छ । यो पुस्तक कानुनको अध्ययन-अनुसन्धान गर्नेको लागि जति आवश्यक छ त्योभन्दा बढी पत्रकारितामा लागेका पत्रकार, पत्रकारिता अध्ययन गर्दै गरेका विद्यार्थी तथा पत्रकारिताको विषयमा चासो र सरोकार राख्नेलाई आवश्यक छ ।

वाक् स्वतन्त्रता तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूतिको इतिहास अहिले ६१ वर्ष भैसकेको छ । राणा प्रधानमन्त्री पद्म शमशेरले २००४ माघ १३ गते जारी गरेको 'नेपाल सरकारको वैधानिक-कानुन सम्वत् २००४' मा नेपालको इतिहासमा पहिलो पटक यो अधिकारको प्रत्याभूति गरिएको थियो । सो 'कानुन' को धारा ४ ले "लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप नगरी मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी ...वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता...का हकहरू दिने काम भएको छ" भन्ने व्यवस्था गरेको थियो । यसरी सुरु भएको सञ्चारसम्बन्धी अधिकारको प्रत्याभूति समयको विकासक्रमसँगै २०४७ सालमा आएर विचार र अभिव्यक्तिको स्वतन्त्रता सूचनाको हक, तथा छापाखाना र पत्रपत्रिकासम्बन्धी हक साथै आधारभूत मानवअधिकार समेतको प्रत्याभूति भई निकै स्पष्ट र बलियो भयो । २०६३ सालमा आइपुग्दा अझ बढी सुरक्षित र विशिष्टीकृत हुँदै पाठ्य, श्रव्य-दृश्य, विद्युतीय प्रसारण आदिले पनि मौलिक हकको रूपमा नै प्रत्याभूति पाइसकेका छन् । तर यो अवधिसम्म आइपुग्दा सञ्चारमाध्यमले कम भुक्तमान व्यहोर्नुपरेको छैन । कहिले छापाखाना र प्रकाशन ऐनले तोके बमोजिम[३] पत्रिका छापेर सम्बन्धित कार्यालयमा पुऱ्याउन जाँदा अब पत्रिका नछाप्नू भन्ने रोक्का पूर्जी बोकेर सर्वोच्च अदालत धाउनुपऱ्यो[४] भने कहिले सरकार, विशेषतः मन्त्रीको चित्त बुझाउन नसक्दा स्वतन्त्र रेडियोहरूले झण्डै रेडियो नेपाल र *गोरखापत्र*को झड्केलो सन्तानको हैसियतमा चित्त बुझाउनुपऱ्यो ।[५] यी सबैले नेपालको पत्रकारिता वा सञ्चारको विभिन्न कालखण्ड र विकासका चरणहरूको प्रतिनिधित्व गर्छन् । यी कुरालाई प्रमाणिक रूपमा प्रस्तुत पुस्तकले दर्शाएको छ ।

---

[३] छापाखाना र प्रकाशन रजिष्टरी ऐन, २००८ को दफा १२ मा भनिएको छ, "नेपाल राज्यभर हरेक अखबार छाप्नेले सो छाप्ने वित्तिकै हरेक छापिएका २ प्रति इलाकाका हाकिम छेउ विनामोलमा आफ्नै खर्च लगाई बुझाउनु पर्छ । सो अखबार दाखिल भएपछि इलाकाका हाकिमले १ प्रति अफिसमा राखी १ प्रति गृहमन्त्रालयमा पठाउने गर्नू ।"

[४] बैकुण्ठप्रसाद उपाध्याय वि. सदर पुलिस गोश्वारा, नेपाल कानुन पत्रिका (ने.का.प.), २०१८, पृ. २२२, नि. नं. १६१ ।

[५] अधिवक्ता माधब कुमार बस्नेत समेत वि. श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयसमेत, ने.का.प., २०५८, अङ्क ७/८, पृ. ३९२, नि. नं. ७०१८ ।

भाग्यवश समाचार सङ्कलन गर्न दौडनु पर्नेमा अदालतको तारेख धाउन जानुपरे पनि सर्वोच्च अदालतले यस सम्बन्धमा सधैँ सकारात्मक भएर न्याय दियो । पत्रकारिताको स्वतन्त्रताकै पक्ष लियो । यो उतार-चढावको इतिहासलाई सम्पादकहरूले सर्वोच्च अदालतको अव्यवस्थित[६] अभिलेखबाट मेहनतसाथ खोजेर प्रस्तुत गर्नुभएको छ। यो प्रयासलाई सबैले साधुवाद भन्नु पर्दछ। प्रस्तुत पुस्तकले नेपालको सूचना र सञ्चारको विषयमा विश्लेषणात्मक कुरा केही पनि दिँदैन । पाठक स्वयंले नै आफ्नो आवश्यकता र उद्देश्यअनुसार विश्लेषण गर्नुपर्ने हुन्छ । प्रकाशक र सम्पादकको उद्देश्य पनि फैसलाको विश्लेषण वा समालोचना गर्ने नभएको हुनाले सम्पादकहरूलाई दोष लगाउने ठाउँ छैन। यो पुस्तकले नेपालको पत्रकारिताको प्रवर्द्धनको लागि न्यायपालिकाको कस्तो भूमिका रह्यो ? सरकारले पत्रकारितालाई कसरी हेर्‍यो भन्ने र नेपाली पत्रकारिताले कस्ता आरोह-अवरोह व्यहोर्दै यहाँसम्म आइपुग्यो भन्ने विषयको एकसाथ अध्ययन गर्नको लागि भरलाग्दो आधार दिएको छ । यसभन्दा अघि ठेलीका ठेली पुस्तक लिएर बस्नुपर्ने झञ्झटबाट यसले मुक्ति दिएको छ र अब जो सुकैले पनि यही एउटा पुस्तक राखेर पलेटी कसे हुन्छ ।

जुनसुकै कुराका पनि सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन्, यसमा पनि छन् । पहिलो त *सर्वोच्च अदालतबाट प्रतिपादित सूचना तथा सञ्चारसम्बन्धी नजीरहरू* भनेर पुस्तकको नाम राखिए पनि 'नजीर' र 'फैसला' को बीचमा रहेको भिन्नता सम्पादकहरूले छुट्ट्याउन सक्नुभएको छैन । अदालतबाट भएका सबै फैसलाहरू नजीर हुँदैनन् । नजीर हुनको लागि ती फैसलाहरूमा सर्वोच्च अदालतले कुनै कानुनी प्रश्नको व्याख्या गरेर नयाँ सिद्धान्त प्रतिपादन गरेको हुनुपर्दछ ।[७] यसकारण सबै नजीरहरू फैसला हुन् तर सबै फैसलाहरू नजीर होइनन् । यस आधारमा पुस्तकमा समेटिएका पचास प्रतिशतभन्दा बढी फैसलाहरू नजीरको कोटीमा पर्दैनन् । त्यस्तै सूचना र सञ्चारसम्बन्धी भनेर छुट्ट्याउने मापदण्ड केलाई मानियो भन्ने नखुल्नु यो पुस्तकको अर्को कमजोरी हो । यस कुरालाई केन्द्रमा राखेर हेर्दा "यो चाहिँ कुरालाई मापदण्ड बनाइयो कि ?" भनेर अनुमान नै लगाउन सकिँदैन किनभने यस पुस्तकमा कृष्ण सेन इच्छुकको

---

६ विषयगत आधारमा छुट्ट्याएर नराखिएको हुनाले 'अव्यवस्थित' भनिएको हो । नत्र अहिले सबैले कम्प्यूटर र सालसालैका फैसलाहरू छुट्ट्याएर राखिएको हुनाले तुरुन्तै प्राप्त गर्न सकिन्छ ।

७ प्रदीपकुमार अग्रवाल विरूद्ध कर कार्यालय, मोरङसमेत, ने.का.प., २०५२, अङ्क ७, पृ. ५४२ । नेपालको सर्वोच्च अदालतले पनि यस सम्बन्धमा नजीरलाई फैसलाबाट फरक छुट्ट्याई यो लगायत अन्य मुद्दामा पनि उल्लेख गरेको हुनाले यहाँ उदाहरणको रूपमा एउटामात्र दिइएको हो ।

बन्दीप्रत्यक्षीकरण मुद्दा पनि प्रकाशन भएको छ (पृ. ६५९-६६५) । त्यस्तै खण्ड पाँचका झण्डै सबै फैसलाहरू सञ्चार संस्थामा कार्यरत कर्मचारीको सेवासम्बन्धी विवाद मात्र हुन् । तिनीहरूको सूचना र सञ्चारसँग कुनै साइनो छैन । व्यक्ति कुनै सञ्चार गृहमा काम गर्दछ र उसको सेवासँग सम्बन्धित विषयमा फैसला हुन्छ भने त्यो सूचना र सञ्चारसँग सम्बन्धित विषय होइन । केवल उसको र व्यवस्थापनबीचको सेवासम्बन्धी विवाद हो । त्यस्तै अधिवक्ता नरहरि आचार्यको मुद्दा संविधानको मूल्यसँग सम्बन्धित विषय हो (पृ. २४१-२४४) भने देवेन्द्र चुडालको मुद्दा सार्वजनिक सरोकारको मुद्दा चाहिँ हो तर उहाँ *रन्को* साप्ताहिकसँग सम्वद्ध भएबाहेक मुद्दाको विषय सूचना तथा सञ्चारसँग सम्बन्धित छैन (पृ. ५९४-५९८) । त्यसैले त्यस्ता सेवासम्बन्धी विवादहरूमा भएका फैसला हटाएको भए पुस्तक पनि छरितो हुन्थ्यो ।

सम्पादकीय त्रुटिहरू पनि थुप्रै ठाउँमा देखिएका छन् । जस्तैः 'रीतपूर्वक' हुनुपर्नेमा 'रिटपूर्वक', 'रीत पुर्‍याई' हुनुपर्नेमा 'रिट पुर्‍याई', 'रिट' हुनुपर्नेमा 'टिर', छन् भने media हुनुपर्नेमा meida आदि थुप्रै ठाउँमा भएका छन् । पृष्ठ १७३ मा meida ४ ठाउँमा भएको छ । त्यस्तै, १७९ पृष्ठमा सही रूपमा Estoppel छ भने पृ. १६९ Stoppel भएको र १७८ मा Extoppel भएको छ । त्यसमा सम्पादकले ध्यान नदिएको झल्किरहेको छ । यस अनुच्छेदमा उल्लेख गरिएका उदाहरणहरू प्रतिनिधि उदाहरण मात्र हुन् । पुस्तकमा यतिमात्रै भाषिक त्रुटिहरू छन् भन्ने होइन । हो, सर्वोच्च अदालतका मूल फैसला स्वयंमा पनि थुप्रै भाषिक त्रुटिहरू फेला पर्छन् र यो क्रम अहिले झन् वृद्धिको अवस्थामा छ । तर सम्पादकहरूले यस विषयमा पुनः सम्पादन गरेर प्रकाशन गर्दा ख्याल गर्नु पर्दथ्यो ।

यो पुस्तक सूचना र सञ्चारको क्षेत्रमा काम गर्नेहरूलाई मात्र नभई त्यसप्रति चासो राख्ने सबैका हातमा पुग्नुपर्ने महत्त्व रहेको पुस्तक हो । यो कुरालाई महसुस गर्दै "सर्वोच्च अदालतबाट प्रतिपादित नजीरहरू सबै नागरिकहरूले थाहा पाउनुपर्ने हुन्छ । कानुनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने विधिशास्त्रीय मान्यता भएकाले पनि यी फैसलाहरूमा आम-समुदायको पहुँच हुनुपर्ने हुन्छ ... तसर्थ, सर्वोच्च अदालतबाट प्रतिपादित यस विषयका नजीरको महत्त्वबोध गरी यसलाई सबैका सामुन्नेमा पुर्‍याउने गहन उद्देश्यले यो प्रकाशन गरिएको हो" (हेर्नुहोस् भूमिकाको पाँचौं पृष्ठ) भनेर प्रकाशनको उद्देश्य पनि स्पष्ट गरिएको छ । पुस्तक मोटो छ तर यसका लक्षित उपयोगकर्ताहरू समग्रको दृष्टिकोणबाट विचार गर्ने हो भने मूल्य अझ धेरै मोटो छ । अर्थात् एउटा समाज सेवा गर्ने

उद्देश्यले स्थापना गरिएको संस्थाले प्रकाशन गरेको जस्तो नभई कुनै मुनाफामूलक व्यापारिक कम्पनीले प्रकाशन गरेको जस्तो छ ।

समग्रमा यो पुस्तकमा सम्पादन पक्ष र फैसलाहरूको छनोटमा कमजोरी हुँदाहुँदै पनि पुस्तक प्रकाशन प्रशंसनीय छ । पत्रकारितासँग सम्बन्धित प्राप्त सम्पूर्ण फैसलाहरूको यसरी पूर्णपाठ प्रकाशन गर्नु नितान्त नौलो र पहिलो कार्य हो । त्यसैले सम्पादकत्रयले "प्रेस स्वतन्त्रताको लागि सर्वोच्च अदालतले हालसम्म खेलेको भूमिका उल्लेखनीय छ । यस सन्दर्भमा सर्वोच्च अदालतले सूचना तथा सञ्चारको क्षेत्रमा गरेका निर्णयहरू छरपस्ट भई कुनै प्रकाशित र कुनै अप्रकाशित रूपमा रहनुले त्यो योगदानको एकीकृत रूप अनुभव गर्न नसकिएको हो । त्यसैले विगतदेखि हालसम्म *सर्वोच्च अदालतबाट प्रतिपादित सूचना तथा सञ्चारसँग सम्बन्धित मुद्दाहरूमा भएका नजीरहरू*लाई एकीकृत गरी प्रकाशनको रूपमा ल्याउने कार्यमा हामीले अग्रसरता लिएका हौँ" (हेर्नुहोस् भूमिकाको दोस्रो पृष्ठ) भनेर गर्नुभएको दाबी सही हो । र, यसले नेपालको पत्रकारिता-कानुन साहित्यमा महत्त्वपूर्ण योगदान गर्नेमा म विश्वस्त छु ।

**माधब कुमार बस्नेत**
अधिवक्ता